संविधान देशको मूल कानुन हो । यसले राजनीतिक शक्ति र राजनीतिक संस्था तथा नागरिकबीच शक्ति नियन्त्रण र सन्तुलनको व्यवस्था गर्दछ । संविधानले प्रदत्त गरेको प्रावधानको आधारमा अधिकारहरूको व्यवस्थापन तथा राज्य व्यवस्थापन र संचालन हुने भएको हुँदा भावी संविधानमा महिलाका सवालहरू कसरी राखिनु पर्दछ भन्ने विषय निकै महत्वपूर्ण रहेको हुन्छ । नेपालको इतिहासमा पहिलो पटक संविधानसभाको माध्यमबाट संविधान निर्माणको प्रक्रियाको सुरूवात भएको छ । यस्तो अवस्थामा हामीले हाम्रो संविधानसभाको सदस्यहरू र राजनीतिक दलहरूसँग माग गर्नुपर्ने तथा भावी संविधानमा सुनिश्चित गर्नुपर्ने थुप्रै महिला अधिकारका विषयहरू छन् । संविधानलाई हेर्दा यसका थुप्रै पक्षहरूमा महिलाका विषयमा हेर्न आवश्यक छ - संविधानको आधारभुत संरचना, मौलिक अधिकार, राज्यको नीति तथा निर्देशक सिद्धान्त, राज्य संचालन प्रणालीसम्बन्धमा ।




राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमार्फत् पनि महिला अधिकारको निमित्त प्रतिबद्धता देखाइसकेका छन् । (विस्तृत विवरण अनुसूची - १ मा राखिएको छ) नेकपा एमाले, नेकपा माओवादी, नेपाली कांग्रेस, मधेसी जनअधिकार फोरम, जनमोर्चा नेपाल, नेकपा (एकिकृत) लगायतका दलहरूले राष्ट्रिय जीवनको सबै क्षेत्रमा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरिसकेको छ । यसैगरी छोरीलाई पैत्रिक सम्पत्तिमा समानताको अधिकारको ग्यारेन्टी जनमोर्चा नेपाल, नेकपा एमाले तथा नेकपा एकिकृतले गरेको छ । जग्गा धनी लालपूर्जा तथा नागरिकतामा महिला पुरूषको नाम राख्ने प्रतिबद्धता नेकपा माओवादीले गरेको छ । नेपाली कांग्रेस, नेकपा माओवादी, राप्रपा तथा नेकपा एमालेले प्रजनन् स्वास्थ्यको अधिकार सुनिश्चितताका लागि प्रतिबद्धता व्यक्त गरेको छ । साथै महिलालाई पेशामा निर्वाध ढंगले लाग्न, शिशु स्याहार केन्द्रसमेतको व्यवस्था गर्ने

प्रतिबद्धता जनाएको छ । महिलाविरूद्ध हिंसा अन्त्य गर्ने प्रतिबद्धता नेकपा माओवादी, नेकपा एमाले, नेकपा मालेले गरेको छ । साथै दाइजो र कुप्रथालाई राज्यले कडा कानून बनाई रोक्ने प्रतिबद्धता मधेशी जनअधिकार फोरम, तराई मधेश लोकतान्त्रिक पार्टी जनमोर्चा नेपालले व्यक्त गरेको छ । बोक्सीको आरोपमा महिलालाई पीडा दिने र घरेलु हिंसाविरूद्ध कडा कानून बनाउने तथा सांस्कृतिक र सामाजिक हिंसाबाट महिलालाई संरक्षण गर्ने प्रतिबद्धता नेपाल मजदुर किसान पार्टी, जनमोर्चा नेपाल तथा नेकपा एकिकृतले गरेको छ । महिलालाई रोजगारीमा प्राथमिकता दिने, सामाजिक विभेदहरू अन्त्य गर्ने, परिणाममुखी समानताको सुनिश्चितता गर्ने प्रतिबद्धता प्रत्येक दलहरूले व्यक्त गरेका छन् । यसरी दलहरूले संवैधानिक संरचनाअन्तर्गत महिला अधिकार संरक्षणका क्षेत्र पहिचान गरी त्यसको संवैधानिक व्यवस्थाको लागि प्रतिबद्धता जनाएका छन् भने अर्कोतिर संवैधानिक व्यवस्थालाई व्यवहारमा परिणत गर्न चाहने आवश्यक कानुन तथा कार्यक्रमहरूको निमित्त पनि प्रतिबद्धता जाहेर गरिसकेका छन् । यसले गर्दा दलहरू व्यवहारमा भोग्न पाउने महिला अधिकारप्रति प्रतिबद्ध रहेको देखिन्छ ।

## महिला अधिकारको लागि उठाउनु पर्ने विषयहरुलाई अन्तिम रुप दिने प्रक्रिया

महिला, कानून र विकास मञ्चद्वारा महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW Convention) लगायतका अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरू, विभिन्न देशका संविधानहरू र नेपालकै विगतका संविधानहरूको अनुभवको आधारमा भावी संविधानमा महिला अधिकारको लागि उठाउनु पर्ने विषयहरू तयार पारिएको हो । यी विषयहरू तयार पार्दा पारालिगल कार्यक्रम सञ्चालित भएका २३ जिल्लाहरूका जिल्ला स्रोत समूहका २५० व्यक्तिहरूबीच छलफलद्वारा प्रारम्भिक सूची तयार पारिएको थियो । उक्त सूचीलाई परिस्कृत गर्ने क्रममा नेपालभरिका अगुवा महिला कार्यकर्ताहरूबीच चितवनमा ३ दिवसीय आवसीय छलफल

कार्यक्रमद्वारा मस्यौदा तयार पारेको थियो । उपरोक्त मस्यौदामाथि महिला कानूनी व्यवसायीहरूसँग धनकुटामा तथा महिला अधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा कार्यरत संघसंस्थाहरूसँग काठमाडौंमा थप छलफल गरी मस्यौदालाई अन्तिम रूप दिइ २०६४ मा यसको प्रथम प्रकाशन गरिएको थियो । संविधानसभाको निर्वाचन अघि विभिन्न राजनीतिक दल, उम्मेदवार तथा उनीहरूको घोषणापत्रमा महिला अधिकारका विषयहरू समेट्नका लागि एवम् महिला तथा सर्वसाधारणहरूलाई यससम्बन्धमा आफ्नो माग राख्नका लागि यस प्रकाशनको व्यापक वितरण तथा प्रचार-प्रसार गरिएको थियो ।

हाल संविधानसभाको निर्वाचन सम्पन्न भई संविधानसभा गठन भइसकेको छ । यस परिप्रेक्ष्यमा "**भावी संविधानमा महिला अधिकारको लागि उठाउनु पर्ने विषयक**" सम्बन्धी यस प्रकाशनको दोस्रो संस्करण प्रकाशित गरिएको छ । प्रथम संस्करणको प्रकाशन पछि आएका सुझावहरूलाई समेत समावेश गरिएको यो प्रकाशनलाई विभिन्न चरणको छलफलपश्चात् अन्तिम रूप दिई महिला अधिकारको एजेन्डाको रूपमा वकालत कार्यक्रमहरू गर्ने योजना रहेको छ । यो प्रकाशनमाथि महिला, कानून र विकास मञ्चको संयोजकत्वमा २३ जिल्लाहरूमा ४०० महिला अधिकार चेतना समूह गठन गर्ने र ती महिला अधिकार चेतना समूहहरूलाई सचेतना गरी ती समूहहरू मार्फत यस मस्यौदामाथि सर्वसाधारण महिलाहरूबीच २३०० वटा छलफल कार्यक्रम सञ्चालन गर्ने र त्यहाँबाट आएका सुझावहरूलाई समावेश गर्ने योजना रहेको छ । यस्तै २३ वटा जिल्लाबाट प्रतिनिधित्व गर्ने संविधान सभासद् तथा जिल्लाका मतदाताहरूबीच छलफल कार्यक्रम आयोजना गरिने छ । यस्तै यस प्रकाशनमाथि विभिन्न राजनीतिक दलहरू, संविधान सभासद्, पत्रकार, नागरिक समाजका प्रतिनिधि, महिलाभित्रका विविध वर्गहरू, महिला अधिकारवादीहरू समेतको सहभागितामा क्षेत्रीय तथा राष्ट्रिय सम्मेलन गरी भावी संविधानमा महिला अधिकारका लागि उठाउनु पर्ने विषयहरू अन्तिम रूप दिइने छ । यी सुझावहरूको आधारमा संवैधानिक भाषा तयार गरी संविधानसभामा बुझाइने छ ।

## १. संविधानको आधारभुत संरचना

**प्रस्तावना :**



प्रश्नावनाले संविधानको लक्ष्यको किटान गर्दछ । प्रस्तावनाले आधारभूत संरचना प्रस्तुत गर्दछ । त्यसैले प्रस्तावनामा नै महिलाको समस्यालाई मान्यता दिने र अधिकारलाई सुनिश्चित गर्ने रणनीतिमूलक प्रावधानको सुनिश्चितता गर्नुपर्दछ । महिला अधिकारको सुनिश्चितता राज्यको पुर्नसंरचनाले मात्र हुन नसक्ने, सामाजिक मान्यता मूल्यको पुर्नसंरचनाको आवश्यकताको मान्यता उल्लेख हुनुपर्दछ ।

**लैङ्गिक तटस्थ भाषा**

संविधानमा प्रयोग गरिने भाषाहरूमा "भातृत्व" जस्ता पुरूषलाई मात्र सम्बोधन गर्ने, पुरूष लिङ्गलाई मात्र सम्बोधन गरी राष्ट्र प्रमुख वा संवैधानिक पदाधिकारीहरूको परिकल्पना गर्ने जस्ता भाषाहरुमा तटस्थता ल्याउनु पर्दछ । राष्ट्रपति, सभापति, सेनापति जस्ता लैङ्गिक पूर्वाग्रही शब्द तथा एउटा लिङ्गको मात्र ध्वनी आउने शब्दहरूमा तटस्थता ल्याउन आवश्यक छ ।

## २. मौलिक अधिकार

मौलिक अधिकार संविधानको मूल आधारको रुपमा रहेको हुन्छ जसले मानव अधिकारको मान्यता मूल्यलाई सुनिश्चितता गर्दछ । व्यक्तिगत तथा सामुहिक अधिकारमा सन्तुलन गर्दछ । व्यक्तिगत अधिकार र राज्यको



शक्तिबीच सन्तुलन ल्याउँदछ । नकारात्मक अधिकारको सुनिश्चितताको साथै सरकारको सकारात्मक जिम्मेवारीको बोध गराउँदै नागरिक, राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको रूपान्तरण गर्दछ । यसमा कार्यान्वयन गर्ने उपचारसहितको हक संरक्षित हुने हुँदा मौलिक अधिकार संविधानको लागि महत्वपूर्ण परिच्छेदको रूपमा रहेको हुन्छ ।

### अविभेदको परिभाषा गरिनु पर्ने

महिलाविरूद्ध भेदभावको परिभाषा महिलाविरूद्धको सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिले गरेको व्यवस्था बमोजिमको बिस्तारित स्वरूपको हुनुपर्दछ ।

### महिलाविरुद्ध भेदभाव

**"महिलाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषयसम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शुन्यकरण पार्ने उद्देश्य भएको, लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्ध सम्झनु पर्दछ ।"**

यस परिभाषाले अविभेदको पहिचान गर्दा परिणामसँग जोडी लैङ्गिक तटस्थ वा अप्रत्यक्ष वा ऐतिहासिक नीति, कानून र व्यवहारबाट पनि केहि विभेद जन्मन्छ भने यसलाई पनि भेदभाव मान्नु पर्ने विषयलाई अगाडि ल्याएको छ । कम्बोडियाको संविधानको धारा ४५ ले कुनै पनि प्रकारको महिलाविरूद्धको भेदभावलाई रोक्नुपर्ने दायित्व राज्यलाई दिएको छ ।



विभेद गर्न नहुने वर्गको उल्लेख गर्दा दक्षिण अफ्रिकाको संविधानको धारा ९ मा भएको व्यवस्था जस्तै रंग, सामाजिक अवस्था, लिङ्ग, गर्भ, वैवाहिक स्थिति, जाति, सामाजिक उत्पत्ति, वर्ण, यौन व्यवहार, उमेर, शारीरिक असक्षमता, स्वास्थ्यको अवस्था, विवेक, धर्म, विश्वास, संस्कृति, भाषा र जन्मको आधारमा गर्न नहुने व्यवस्था गर्नुपर्दछ । युगाण्डाको संविधानको धारा २१ ले विभेदबाट स्वतन्त्रतालाई मौलिक अधिकारको रूपमा राखिएको छ । जसमा विभेद भन्नाले फरक वर्गलाई राजनैतिक विचार, आर्थिक अवस्था, शारीरिक असक्षमता, जातिय पहिचान, लिङ्गको आधारमा फरक व्यवहारलाई पनि रोक लगाएको छ ।

## समानताको स्पष्ट परिभाषा हुनुपर्ने



समानताको संवैधानिक व्यवस्थामा हालसम्म अवसरको समानतामा मात्र सीमित राखिएको हुन्छ । तर अवसरको समानताले परिणाममा समानता नआउने हुँदा आज समानताको परिभाषाले अवसर मात्र होइन, स्रोत, साधन, पहुँच र परिणामको समानताको व्यवस्था हुनुपर्ने । महिलासम्बन्धी महासन्धिको धारा ४ ले सामाजिक विभेदको कारणले पिछडिएका अवस्थामा रहेको महिलाको लागि अल्पकालिन विशेष उपायको आधारमा समानता ल्याउनु पर्ने र अल्पकालिन विशेष उपायलाई पुरुषलाई विभेद गरेको मानिन नहुने अवधारणालाई भावी संविधानमा ल्याउनु पर्दछ ।

दक्षिण अफ्रिकाको संविधानको धारा ९ ले अन्यायोचित तरिकाले प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाले कुनै एक वा बहुअवस्थामा विभेद गर्न नहुने व्यवस्था गरेको छ । त्यस्तै कानुन निर्माण गर्दा अन्यायोचित विभेदलाई अन्त्य



गर्नुपर्ने तर उचित विभेद गर्न पाइने भन्ने व्यवस्था गरी समानताको लागि विभेद अन्त्यको सकारात्मक उपायहरू अवलम्बन गर्ने व्यवस्था गरिनु पर्दछ र समानता भनेको सम्पूर्ण अधिकार र स्वतन्त्रताको पूर्ण तथा समान अभ्यास र प्रयोग पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ । स्वीस महासंघको संविधानको धारा ८ ले समानतासम्बन्धी व्यवस्थामा कानुनी *(Dejure)* मात्र नभई व्यवहारमा वास्तविक *(Defacto)* अधिकारको व्यवस्था हुनुपर्ने व्यवस्था गरेको छ । युगाण्डाको संविधानको धारा २१(४), २१(५) ले समाजमा सामाजिक, आर्थिक, शैक्षिक सन्तुलन ल्याउनको लागि व्यवस्थापिकाले आवश्यक कानुन बनाउन सक्ने अधिकार प्रदान गरेको छ । यस्तो व्यवस्था सीमान्तकृत वर्गको उठान गर्ने उद्देश्यले न्यायोचित हुनुपर्दछ ।

विशेष उपायलाई वैधानिता दिंदै आरक्षण तथा उचित वातावरणको सिर्जना गर्ने व्यवस्थासहितको सकारात्मक उपाय राज्यले अवलम्बन गर्नुपर्ने व्यवस्था हुनुपर्दछ । हुन त आरक्षणको थुप्रै टिकाटिप्पणी नभएको होइन, यसका नकारात्मक परिणाम नभएका होइनन्, तर नकारात्मक परिणामलाई कसरी न्यूनिकरण गर्ने, स्थायी आरक्षण र अस्थायी आरक्षणबीच सिमाङ्कन गर्ने, समानताको सूचाङ्क किटान गर्ने, समानताको लागि आरक्षण मात्र नहेरी विशेष उपायको समग्र पक्षलाई नै कसरी हेर्ने जस्ता विषय पनि महत्व दिई हेर्नुपर्दछ । युगाण्डाको संविधानको धारा ३१(१) अनुसार पूर्ण तथा समान आत्मसम्मानको अधिकारको संरक्षण हुनुपर्दछ ।

### नागरिकतामा समानताको प्रत्याभुति हुनुपर्ने



विश्वमा आज नागरिकताको कुरा गर्दा जन्मको आधारमा, वंशको आधारमा र अंगीकृत गरी तीन प्रकारबाट नागरिकता प्रदान गरिन्छ । महिला सम्बन्धी महासन्धिको धारा ९ ले दम्पत्तिलाई र सन्तानलाई नागरिकता दिने सन्दर्भमा समानताको प्रत्याभूति गरेको छ । भावी संविधानले नेपाली महिलाको आफ्नो सन्तान र दम्पत्तिको आधारमा नागरिकता प्रदान गर्ने स्थितिमा समान अधिकारको कानुनी



र व्यवहारिक व्यवस्था गरिनु पर्दछ । आज विश्वमा भारत लगायत थुप्रै देशमा नागरिकतामा समानता दिने अधिकारको सुनिश्चितता भइसकेको स्थिति छ ।

तर बिडम्बना नेपालमा अन्तरिम संविधानले पनि परनिर्भित सिद्धान्तको आधारमा नागरिकता पाउने प्राचीन अवधारणा र महिला विवाह गरी अर्काको घरमा जाने, अर्काकोबाट अधिकार सिर्जना गर्ने अवधारणाबाट प्रभावित भएर संवैधानिक व्यवस्थाको सिर्जना गरेको छ । वर्तमान प्रावधान अनुसार आमाको नामबाट पनि नागरिकता दिनुपर्ने आवश्यकतालाई स्वीकारेतापनि विदेशी लोग्नेबाट जन्मेको हकमा उक्त बच्चा नेपालमै जन्मेको हुनुपर्ने, नेपालमा स्थायी बसोबास भएको हुनुपर्ने, सो थप शर्तहरू पुरा भएमा पनि अंगीकृत नागरिकता मात्र दिई नेपाली महिला र उनको सन्तानलाई विकल्प रोज्ने अवसरबाट बन्चित गर्नुको साथै विभेदलाई निरन्तरता गरेको छ । अर्कोतिर महिलाले विवाह गर्ने दम्पत्तिको हकमा विदेशी हुना साथै नेपालको नागरिकताको लागि योग्य नहुने जबकी नेपाली पुरूषले विवाह गर्ने विदेशी महिलालाई छनौटको अधिकार दिइएको छ ।

## शोषण विरुद्धको हकको संरक्षण हुनुपर्ने

कुनै पनि प्रकारको शोषणको अन्त्य गर्न विशेषगरी यौन शोषण, बेचबिखन, दास, कमारा कमारी, बाँधा, बाल श्रमिक बनाउने जस्ता कार्यबाट संरक्षण गर्ने अधिकारको व्यवस्थापन गर्नुपर्दछ । भारतीय संविधानले चेलीबेटी बेचबिखनविरूद्धको हकलाई संवैधानिक अधिकारको मान्यता दिएको छ ।



## महिला उपर हुने हिंसा विरुद्धको हक मौलिक अधिकारको रुपमा रहनु पर्ने

महिलाविरूद्ध हिंसाभित्र सामाजिक, सांस्कृतिक, आर्थिक, कानूनी, यौनजन्य, शारीरिक, मानसिकसमेत हुने हुँदा सबै प्रकारको

महिलामाथि हुने हिंसालाई समट्ने गरी राज्यलाई उत्तरदायी बनाई उनीहरूको पुर्नस्थापना, पुर्नएकीकरण गर्नको लागि महिलाविरूद्धको हिंसालाई मौलिक अधिकारको रूपमा राखिनु पर्दछ । हिंसालाई अपराध घोषणा गर्ने, अपराधीलाई सजाँय गर्ने, असर पर्ने पक्षलाई क्षतिपूर्ति दिने विषय समेत समेट्नु पर्दछ ।

### सांस्कृतिक, परम्पराको आधारमा महिलामाथि हुने विभेद र हिंसा अन्त्य गर्ने व्यवस्था हुनुपर्ने

नेपालमा महिलालाई विभेद र बहिष्करण गर्नमा सांस्कृतिक, परम्परा पनि जिम्मेवार भएको हुँदा परम्परा र संस्कृतिका त्यस्ता पक्ष जसले महिलालाई फरक व्यवहार, बहिष्करण वा प्रतिबन्धित गर्दछ, त्यस्तो पूर्वाग्रही र विभेदपूर्ण प्रथा र संस्कृतिको अन्त्य गर्ने मौलिक अधिकारको आवश्यक रहन्छ ।

### सम्पत्तिमा छोरा र छोरीलाई समान अधिकार हुनुपर्ने

नेपाललगायत कतिपय देशमा आज पनि सम्पत्तिको अधिकारमा छोरा र छोरीलाई विभेद गर्ने परिपाटी रहेको, आज पनि नेपालको कानुनले सम्पत्ति प्राप्त गर्ने प्रक्रियामा विवाहित र अविवाहित छोरीबीचको विभेदलाई निरन्तरता दिएको अवस्थामा कानुनी अधिकारको साथै व्यवहारमा सम्पत्तिको अधिकार उपभोग गर्नको लागि पनि यस्तो मौलिक अधिकारको आवश्यकता रहेको छ । यो व्यवस्था वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ को धारा २०(४) ले गरेको छ ।

### घरमा गरेको कामको मूल्यांकन हुनुपर्ने

साधारणतया महिलाको भूमिका घरभित्र, घरको काममा भइरहेको सामाजिक परिप्रेक्ष्यमा उनले घर चलाउन, बच्चा हुर्काउन गरेको योगदानको कदर गर्न संविधानमा नै महिलाको घरमा गरेको कामको मुल्यांकन हुनुपर्दछ । यस्तो व्यवस्था कम्बोडियाको संविधानको धारा ४६ ले गरेको छ ।

घरबाहिर आउनका निमित्त अवसर भनेता पनि जबसम्म वात हुँदैन, घरभित्रको काम र बच्चा बाबु र आमा दुवैको जिम्मेवारी हुँ महिला समानता असम्भव हुन्छ । त्यसैले संविधानले नै घरभित्र तथा बच्चा हेर्ने जिम्मेवारीमा महिला र पुरूषको समान सहभागिताको सुनिश्चित गर्नु पर्दछ ।



## प्रजनन् स्वास्थ्य तथा यौनिकताको अधिकारको संरक्षण हुनुपर्ने



प्रजनन् स्वास्थ्यको अधिकार महिलाको नागरिक र राजनीतिक अधिकारको साथै सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार पनि भएको र महिलाको विशेष अवस्था भएकोले गर्भधारणको संरक्षण र उचित वातावरणको सिर्जना गर्न संवैधानिक व्यवस्था हुनुपर्ने । कोलम्बियाको संविधानको धारा ४२ र ४३ ले र इक्वेडरको संविधानको धारा ३६, ३९ र ४३ ले, सर्वियाको संविधानको धारा ६३ ले तथा नेपालको अन्तरिम संविधानको धारा २०(२) ले प्रजनन स्वास्थ्यको अधिकारलाई मौलिक अधिकारको रूपमा संरक्षण गरेको उदाहरणहरू छन् । यौनिकतामा समानताको अधिकार नहुँदा महिला शोषित र अधिनस्थ अवस्थामा रहेको हुँदा यौनिकतामा महिलाको समानताको मौलिक अधिकारको संरक्षण गर्नुपर्दछ ।

## आर्थिक, सामाजिक अधिकारलाई मौलिक अधिकार उपचारात्मक व्यवस्था अन्तर्गत राखिनुपर्ने



आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको कार्यान्वयन गर्ने संयन्त्रको विकास गर्नुपर्ने देखिन्छ भने शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाको अधिकार मौलिक अधिकारको रूपमा व्यवस्था गर्नुपरेको छ । स्रोत साधनले भ्याएसम्म गर्ने भन्ने भाषाको सट्टा राज्यको पूर्ण दायित्व र दायित्वबाट उन्मुक्त हुन नपाउने व्यवस्था गर्नु पर्दछ ।

हुन त अधिकारको संवैधानिक व्यवस्था गर्दा कानुन बनाई लागू गर्ने भन्ने शब्दको सट्टा स्पष्ट व्यवस्थाको समेत माग गर्नुपर्ने जस्ता सवालहरू पनि हाम्रो अगाडि बाँकी नै रहेका छन् ।

## निजी क्षेत्रमा हुने हिंसामा समेत राज्यलाई उत्तरदायी बनाउनु पर्ने

निजी क्षेत्रमा हुने हिंसा चाहे त्यो कुनै प्रतिष्ठान होस् वा सामाजिक वा परिवारिक होस्, हिंसा अपराध हो भन्ने मान्यताको लागि र हिंसामा संलग्न व्यक्ति, परिवार वा प्रतिष्ठानलाई उत्तरदायी बनाउने पूर्ण जिम्मेवारी निजी क्षेत्रलाई दिनु पर्दछ । ग्राहस्थ हिंसा अझ बढी गम्भीर र सम्बेदनशील भएकोले विशेष सुरक्षाका व्यवस्थाहरू गरिनु पर्दछ ।

## धार्मिक स्वतन्त्रता

सांस्कृतिक र धर्मको नाममा महिलामाथि संधै विभेद हुने हुँदा महिलाको समानता र अधिकार धार्मिक स्वतन्त्रतासँग गाँसेर हेर्न आवश्यक छ । या त राज्यले धर्ममा हस्तक्षेप नगर्ने, हस्तक्षेप गर्ने नै हो भने पूर्ण धार्मिक स्वतन्त्रता प्रदान गर्नुपर्ने, धर्मको नाममा महिलामाथि शोषण वा विभेद कायम राख्न नहुने, धर्मको नाममा जातिय विभेदहरू हुन नहुने जस्ता अधिकार पनि भावी

संविधानको लागि महत्वपूर्ण विषयको रूपमा रहेको छ । धार्मिक अविभेदको हकसँगै धार्मिक स्वायत्तता अधिकारको सुनिश्चितता गर्न आवश्यक हुन्छ ।



### गोपनियताको हकको संरक्षण

महिलाहरूको फरक सामाजिक र शारीरिक स्थिति भएको कानुनले हिंसाको असर र न्यायको बाटोको प्रयोगमा महिलाले फरक असरहरू भोग्नु पर्ने, महिला भएकै कारणले महिलाको फरक सामाजिक र शारीरिक अवस्थाका कारणले महिलाको आफ्नै शारीरिक र सामाजिक सीमाहरू निर्धारण गर्नुपर्ने भएको हुँदा गोपनियताको हक अत्यन्त महत्वपूर्ण रहन्छ । गोपनियताको हक संरक्षणको कुरा गर्दा शरीरको, चरित्रको विषयलाई उठाउन नपाउने जस्ता अन्तरिम विधानमा समेत उल्लेख गरेको विषयलाई निरन्तरता दिनुपर्ने तथा यसलाई व्यवहारमा उतार्नको लागि पारिवारिक, व्यक्तिगत, प्रजनन् स्वास्थ्यको गोपनियता संरक्षण गर्दै अधिकारको उल्लंघन गर्ने पक्षलाई क्षतिपूर्तिसहित दण्डनीय कानुनी व्यवस्थाको आवश्यकता छ ।

### सूचनाको प्रत्याभुति

भएका अधिकारको जानकारीको अभावमा अधिकारको संरक्षण र पहुँचबाट बन्चित भएको अवस्थामा वा सूसुचित भएर निर्णय गर्न पाउने अधिकारको संरक्षण नभई रहेको अवस्थामा सूचनाको हक अन्तर्गत सूचना माग्ने मात्र होइन, पाउने र त्यसलाई व्यवस्थापन गर्ने उत्तरदायित्व राज्य पक्षलाई वहन गर्न दिने प्रावधानको निर्माण गर्नु पर्दछ ।

### न्यायिक पुनरावलोकन तथा सार्वजनिक हकहितको संरक्षण



देशमा कानुन आफै विभेदपूर्ण वा अपर्याप्त वा कानुन भएता पनि कार्यान्वयन पक्ष कमजोर वा राज्यले उत्तरदायी वहन गर्न ढिलासुस्ती गर्ने राजनीतिक प्राथमिकतामा नपर्ने गरेको वर्तमानको अभ्यासमा शक्ति पृथकीकरणलाई लागू गर्दै नियन्त्रण र सन्तुलन प्रक्रियामा अगाडि जान अब बन्ने संविधानमा पनि सार्वजनिक हकहित अन्तर्गत मुद्दा हाल्न सक्ने अधिकारको निरन्तरता हुनुपर्ने देखिन्छ । सार्वजनिक सरोकारको मुद्दा कुनै पनि व्यक्तिले गर्न सक्ने र समय सीमा (हदम्याद)मा बाँधिन नपर्ने गरी खुलापन हुनु पर्दछ ।

### अन्य मौलिक हकहरु

संविधानको मौलिक हकमा व्यवस्था गर्नुपर्ने हकहरू जस्तैः स्वतन्त्रताको हक, जीवनको अधिकार, पेशा, व्यापारको हक, छुवाछुतविरूद्धको हक, छापाखाना सम्बन्धी हक, वातावरण र स्वास्थ्य सम्बन्धी, शिक्षा तथा संस्कृति सम्बन्धी हक, रोजगारी सम्बन्धी हक, सम्पत्ति सम्बन्धी हक, न्याय सम्बन्धी हक, यातनाविरूद्धको हक, निवारक नजरबन्द विरूद्धको हक, श्रम सम्बन्धी हक, देश निकालाविरूद्धको हक, संवैधानिक उपचारको हक पनि महिलाको लागि उत्तिकै महत्वपूर्ण रहेको छ ।

## ३. राज्यको नीति र निर्देशक सिद्धान्त

### मानव अधिकार दस्तावेजको मान्यताको स्पष्टता

कुनै पनि मानव अधिकारसम्बन्धी दस्तावेजको स्थिति राष्ट्रिय कानुन सरह हुनुपर्ने, संविधान, कानुन र महासन्धिलाई छुट्याएर हेर्ने व्यवस्था हुन



नहुने जस्ता थुप्रै विषयहरूमा स्पष्टता ल्याउन आवश्यक छ । यस्तो मान्यता राज्यको नीति र निर्देशक सिद्धान्तमा स्पष्ट गरिनुपर्दछ ।

### महिलाको अधिकार संरक्षण गर्न आवश्यक नीति तथा निर्देशनहरु

नकारात्मक अधिकारहरू जो राज्यको लक्ष्य हुन आवश्यक छ तर तत्कालै लागू गर्न नसकिने अवस्था छन् भने त्यस्तो मान्यताहरूको व्यवस्था नीति निर्देशनको सिद्धान्तमा हुन आवश्यक छ । जसलाई राज्यले प्रगतिशील रूपमा चरणवद्ध तरिकाले कार्यान्वयन गर्दै जानु पर्दछ । स्वास्थ्यको लागि, रोजगारीको लागि, सामाजिक सुरक्षाको लागि, शिक्षाको लागि आवश्यक लक्ष्यहरू प्राप्तिको लागि आवश्यक नीति तथा निर्देशक सिद्धान्तहरूको स्पष्ट व्यवस्था सुनिश्चित हुनुपर्दछ । राज्यको कल्याणकारी भूमिकाहरूलाई विस्तार गरिनु पर्दछ । आर्थिक, सामाजिक रूपान्तरणको रणनीतिमूलक व्यवस्थाहरू यस परिच्छेदमा राख्न आवश्यक छ । जसमा राज्यले लिने सिद्धान्त, नीति तथा दायित्वको विषय प्रमुख हुनेछन् ।

## ४. राज्यका विभिन्न अंग तथा संवैधानिक निकाय

### अनुगमन तथा अधिकार कार्यान्वयनको संरचनाहरू

मौलिक अधिकारको ग्यारेन्टीले मात्र महिला अधिकार भोग्न नसकिने हुन सक्छ । उपचार पाउन नसक्ने हुन सक्दछ । यस कारणले गर्दा शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्त बमोजिम कानुन बनाउने व्यवस्थापिकाको अधिकार तथा सीमा, कार्यपालिकाको अधिकार तथा सीमा, न्यायपालिकाको अधिकार तथा सीमा महिलाको लागि पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । संघीय संरचनामा यी व्यवस्थाहरूको रूपान्तरण स्थानीय तहसम्म गरिनु पर्दछ । यसको साथै संविधान कार्यान्वयनलाई सहज गर्ने, अनुगमन गर्ने निकायहरू जस्तैः अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महालेखा परिक्षक, महान्यायाधिवक्ताको

कार्यालय, निर्वाचन आयोग जस्ता संवैधानिक निकायको प्रभावकारी व्यवस्थापन संविधान अन्तर्गत हुनुपर्दछ । राजनीतिक दलको पारदर्शीता र उत्तरदायित्वको विषयमा पनि संवैधानिक स्पष्टताको आवश्यकता रहन्छ । संघीय संरचनाअन्तर्गत स्वायत्त शासन व्यवस्था पनि महिलाको लागि महत्वपूर्ण हुन्छ ।

## सहभागिताको समानुपातिक सुनिश्चितता हुनुपर्ने

संघीय संरचना अन्तर्गत अग्रगामी पुर्नसंरचनाको दृष्टिकोण रहेको अवस्थामा नेपालमा महिलाको सार्वजनिक तथा राजनीतिक जीवनमा सहभागिताको सुनिश्चितता गर्न कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकामा सहभागिताको सुनिश्चितता गर्नुपर्ने । अन्तरिम विधानको धारा २१ ले सामाजिक न्यायको हक अन्तर्गत समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने व्यवस्था गरेको छ । तर यस व्यवस्थाले कुन कुन अंगमा कसरी, कति समयभित्र सहभागिता सुनिश्चित गर्ने किटान गर्न नसकिने हुँदा समावेशी सिद्धान्तको कार्यान्वयनको क्षेत्र, समय, संख्या किटान गर्नु पर्दछ ।

कतिपय संवैधानिक निकाय वा आयोगहरूमा महिला सहभागिता सुनिश्चितता गर्दा पदेन पदाधिकारीको आधारमा सहभागिता हुने वर्तमान परिप्रेक्ष्यमा विशेष व्यवस्थासहित सहभागिता सुनिश्चित गर्नु पर्दछ । सुरक्षाफौज, केन्द्रिय सरकारमा मात्र होइन, संघीय राज्यको प्रत्येक संरचनामा, राजनीतिक दलहरूमा, राज्यले खडा गर्ने स्वतन्त्र आयोगहरूमा, न्यायपालिकामा, संवैधानिक निकायहरूमा समेत सहभागिताको सुनिश्चितता गर्नुपर्दछ ।

**महिला आयोग स्वतन्त्र र स्वायत्त मान्यतासहित संवैधानिक आयोगको रुपमा अब बन्ने संविधानले स्थापित गर्नुपर्दछ।**

राष्ट्रध्यक्ष वा उपराष्ट्रध्यक्षमध्ये एक जना महिला हुनुपर्ने, प्रधानमन्त्री वा उपप्रधानमन्त्रीमध्ये एक जना महिला हुनुपर्ने, सभाध्यक्ष वा उपसभाध्यक्षमध्ये एक जना महिला हुनुपर्ने व्यवस्थाको आवश्यकता छ । हाम्रो पूर्व अनुभवहरूले

कानुनमा व्यवस्था भइसकेपछि मात्र कार्यान्वयन गराउन सकिने स्थिति देखिएको कारणले संवैधानिक व्यवस्थाले नै सहभागिताको सुनिश्चितता गर्ने अत्यन्त आवश्यक रहेको छ ।

**संविधान बन्नु मात्र ठूलो कुरा होइन, संविधानमा महिलाको स्वामित्वको अनुभुति हुनु महिलाको लागि पनि संविधान बनेको हो भन्ने बोध गराउनु पनि महत्वपूर्ण हुन्छ । यसर्थ भोलि बन्ने संविधानमा महिला अधिकारको दृष्टिकोणबाट थुप्रै विशेष अधिकारका कुराहरू गर्न आवश्यक छ । भावी संविधानमा मानव अधिकारसम्बन्धी दस्तावेजहरू विशेषगरी महिलाविरुद्धका सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि तथा यसको साधारण सिफारिसले विस्तृतता दिएको अधिकारहरूको स्थापना गर्ने दृष्टिकोणबाट संविधान बन्नु अति आवश्यक छ । महिला समान हुँदा हुँदै पनि फरक छन्, महिलाको सामाजिक अवस्था फरक छ, महिलाको शारीरिक अवस्थाहरू फरक छन्, महिलाको आवश्यकता र प्राथमिकताहरू फरक छन् । यसर्थ महिलाको विशेष आवश्यकता र अवस्थालाई सम्बोधन गर्ने संवैधानिक व्यवस्था आजको आवश्यकता हो । संवैधानिक प्रावधानलाई व्यवहारमा रुपान्तरण गर्ने व्यवस्थाको आवश्यकता छ । अब बन्ने संविधानमा नागरिकको दायित्वको पनि उल्लेख हुन आवश्यक छ ।**

**महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिले प्रबर्द्धन गरेको अविभेद, समानता तथा राज्यको उत्तरदायीको सिद्धान्तलाई संविधानले समेट्न सक्नु पर्दछ । महिला अधिकारसम्बन्धी महासन्धि तथा यसको साधारण सिफारिसहरूले विकास गरेको निश्चित अधिकारहरूको सुनिश्चिता भावी संविधानमा हुनुपर्दछ ।**

## राजनीतिक दलहरूको महिलाको लागि गरिएका विशेष प्रतिबद्धता

| एमाले | माओवादी | कांग्रेस | मधेशी जन. फोरम | तमलोपा |
|---|---|---|---|---|
| ■ महिलाविरूद्धका सबै विभेद, शोषण र उत्पीडनको अन्त्य गरिनेछ ।<br>■ राष्ट्रिय जीवनका सबै क्षेत्रमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको हक सुनिश्चत गरिनेछ ।<br>■ छोरासरह छोरीलाई पैत्रिक सम्पत्तिमा अधिकार हुनेछ ।<br>■ प्रजनन र सम्बन्ध बिच्छेदको अधिकार महिलामा विशेष प्राथमिकता दिइनेछ । | ■ महिलालाई पैत्रिक सम्पत्ति लगायत समाज, अर्थतन्त्र र राज्यका हरेक क्षेत्रमा विशेष अधिकार सहित समान सहभागिताको ग्यारेन्टी गरिनेछ ।<br>■ व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र राज्यसत्ताको मेरूदण्ड मानिने सेना, प्रहरी लगायतको सुरक्षा निकायमा समानुपातिक सहभागिता कायम गर्दै जाने नीति अवलम्बन गरिनेछ । | ■ महिलाहरूको राजनीतिक, प्रशासनिक र नीति निर्माण तहमा समावेशी समानुपातिक प्रतिनिधत्व सुनिश्चत गरिनेछ ।<br>■ महिलाविरूद्धको भेदभावपूर्ण सम्पूर्ण कानुनहरूको अन्त्य गरिनेछ ।<br>■ महिला तथा बालबालिकाविरूद्ध हुने सबै खाले हिंसाको अन्त्य गरिनेछ ।<br>■ हरेक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यका हक सुनिश्चित गर्ने तथा | ■ महिला विरूद्ध विभिन्न क्षेत्रहरूमा हुने गरेको विभेद र असमानतालाई अन्त्य गरी यौनजन्य दुर्व्यवहार हिंसा तथा शोषणबाट उनीहरूलाई सुरक्षित राख्न उपयुक्त कानुनी व्यवस्था हुनुपर्दछ ।<br>■ सरकारका सबै तह र निकायहरूमा भएका र हुने नीति निर्माण गर्ने पदहरू र नेतृत्वमा पुरुष सरह महिलाको समान पहुँच र अवसरको सुनिश्चितता गर्नु पर्दछ । | ■ दहेज वा अन्य कुनै किसिमको महिला उत्पीडन विरूद्ध राज्यले कडा कानुन बनाई यस्तो कार्य रोक्ने वातावरण बनाउनु पर्छ ।<br>■ साथै जनचेतना बढाई यस्तो कार्यमा संलग्न रहने व्यक्तिहरूलाई सामाजिक बहिष्कारसम्म गर्न सक्ने वातावरण सिर्जना गर्नु पर्दछ ।<br>■ दहेज वा अन्य कुनै किसिमको महिला उत्पीडन विरूद्ध राज्यले कडा कानुन बनाई यस्तो कार्य रोक्ने वातावरण |

(क्रमशः)

| एमाले | माओवादी | कांग्रेस | मधेशी जन. फोरम | तमलोपा |
|---|---|---|---|---|
| ■ विशेषगरी महिला न्यून रहेको श्रम क्षेत्रमा महिला रोजगारीको विशेष योजना लागू गरिनेछ । | ■ जग्गाधनी लालपुर्जा र नागरिकतामा महिला पुरूष दुवैको नाम उल्लेख गर्ने प्रावधान स्थापित गरिनेछ ।<br>■ महिलाहरूलाई पेशामा निर्वाध ढंगले लाग्ने वातावरण निर्माण गर्न शिशु स्याहार केन्द्रको व्यवस्था गरिनेछ ।<br>■ महिला, पारिवारिक तथा बाल अदालत गठन गरिनेछ । | आवधिक रूपमा हरेक नेपाली महिलाको प्रजनन स्वास्थ्यको नि:शुल्क परिक्षण गर्न अभियान चलाउने र महिलाका अधिकारहरू सुरक्षित गर्ने कार्य राज्यको प्रमुख कर्तव्य हुनेछ ।<br>■ महिलाविरूद्धको भेदभावपूर्ण सम्पूर्ण कानुनहरूको अन्त्य गरी कार्यान्वयन गर्ने ।<br>■ महिला तथा बालबालिका विरूद्ध हुन सक्ने सबै खाले हिंसाको अन्त्य गर्ने । | ■ महिलाहरूको सशक्तिकरण गरी उनीहरूलाई राष्ट्रिय जीवनको हरेक क्षेत्र आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक क्षेत्रमा महत्वपूर्ण एंव निर्णायक भूमिका खेल्न सक्ने परिस्थितिको सिर्जना गर्नुपर्दछ । | बनाउनु पर्छ साथै जनचेतना बढाई यस्तो कार्यमा संलग्न रहने व्यक्तिहरूलाई सामाजिक बहिष्कारसम्म गर्न सक्ने वातावरण सिर्जना गर्नु पर्दछ ।<br>■ मातृ तथा शिशुको कल्याण एवं सुरक्षालाई राष्ट्रिय प्राथमिकतामा राखिने नीति बन्ने आधार संविधानमा उल्लेख हुनुपर्दछ । |

*(क्रमश:)*

| एमाले | माओवादी | कांग्रेस | मधेशी जन. फोरम | तमलोपा |
|---|---|---|---|---|
| | | ■ हरेक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हक सुनिश्चित गर्ने तथा आवधिक रूपमा हरेक नेपाली महिलाको प्रजनन् स्वास्थ्य निःशुल्क परिक्षण गर्ने अभियान चलाउने लगायतका महिला अधिकारहरू सुरक्षित गर्ने कार्य राज्यको दायित्व हुनेछ । | | |

## राजनीतिक दलहरूको महिलाको लागि गरिएका विशेष प्रतिबद्धता

| रा.प्र.पा. | ने.म.कि.पा. | जनमोर्चा | नेकपा माले | नेकपा (एकिकृत) |
|---|---|---|---|---|
| ■ खर्चिलो विवाह, दाइजोप्रथा जस्तो कुप्रथालाई कानूनी रूपमै प्रतिबन्ध लगाउनु पर्दछ ।<br>■ पैतृक सम्पत्तिको अधिकार शर्तविहिन बनाएर त्यसलाई लागू गरिनु पर्दछ ।<br>■ महिलाहरूको निम्ति आगामी दशवर्षसम्म प्राविधिक शिक्षा र रोजगारीमा आरक्षण अधिकारको व्यवस्था गरी पछाडी परेको जातीय, वर्ग र क्षेत्रको प्राथमिकताको आधारमा सुविधा दिइनु पर्दछ । | ■ प्रौढ महिलाहरूलाई अनिवार्य शिक्षा सँगै रोजगारको बन्दोबस्त गर्ने<br>■ महिलालाई सुत्केरी अगाडी र पछाडी तलब र ज्यालासहित विदाको व्यवस्था गर्ने<br>■ बोक्सीको आरोप लगाई महिलालाई पीडा दिने र घरेलु हिंसालाई रोक्न कडा कानून बनाइने छ ।<br>■ महिलालाई बेच्ने, म्यानपावर कम्पनीको नाम, ठगी गर्ने, झुठो आश्वासन दिई गलत | ■ संविधानसभाको निर्वाचनदेखि लिएर राज्यका राजनीतिक, प्रशासनिक, कुटनैतिक, सामाजिक आर्थिक आदि हरेक अंगमा महिलाको ५० प्रतिशत प्रतिनिधित्वको संवैधानिक व्यवस्था,<br>■ खर्चिलो विवाह, दाइजो प्रथा जस्ता कुप्रथालाई कानुनी रूपमा प्रतिबन्ध ।<br>■ पैत्रिक सम्पत्तिको अधिकार शर्तविहिन बनाइने ।<br>■ दश वर्षसम्म प्राविधिक शिक्षा र रोजगारीमा आरक्षणको व्यवस्था । | ■ लिङ्को आधारमा महिलाहरू माथि गरिने सम्पूर्ण भेदभाव, शोषण उत्पीडनहरूलाई अन्त्य गरिनेछ ।<br>■ महिलाहरूको पैत्रिक सम्पत्तिमाथिको समान अधिकार, शिक्षा र रोजगारी प्राप्तिको अधिकार, प्रेम र विवाहको अधिकार, प्रजनन अधिकारको रक्षा गरिनेछ ।<br>■ महिलाहरू माथि हुने तमाम भेदभाव र हिंसाको विरोध गर्दै उनीहरूलाई हरेक | ■ महिला पुरूषबीचका सबै सामाजिक विभेद समाप्त पारी अवसर र अधिकारमा समानताको सुनिश्चितता गरिनेछ ।<br>■ छोरा सरह छोरीलाई पनि पैतृक सम्पत्तिमा समान अधिकार स्थापित गरिनेछ ।<br>■ बराबर कामको निम्ति बराबर ज्याला पाउने गरी नियम कानुनहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>■ सामाजिक तथा राजनैतिक क्षेत्रमा महिलालाई प्रोत्साहन गरिनेछ । |

(क्रमशः)

| रा.प्र.पा. | ने.म.कि.पा. | जनमोर्चा | नेकपा माले | नेकपा (एकिकृत) |
|---|---|---|---|---|
| ■ प्रेम विवाह, सम्बन्ध विच्छेद र प्रजननलाई महिलहरूको सार्वभौम अधिकार बनाइनु पर्दछ । | ठाउँमा विवाह गरिदिने व्यक्तिलाई क्षतिपूर्ति सहित कडा सजाँयको व्यवस्था गर्ने | ■ प्रेम, विवाह, सम्बन्ध बिच्छेद र प्रजनन्लाई महिलाहरूको सार्वभौम अधिकार ।<br>■ अन्धविश्वास, छुवाछुत, घरेलु हिसा, रोजगारी एंव सामाजिक क्षेत्रमा रहेको भेदभावबाट मुक्त गर्न महिला शिक्षा र महिला जागरणलाई राष्ट्रिय अभियान बनाउनु पर्दछ ।<br>■ यौन व्यवसायमा लाग्न बाध्य पारिएका वादी महिला एवं चेलिबेटीको उद्दार एवं रोजगारीको लागि राज्यले व्यवस्था गर्नुपर्दछ ।<br>■ घरेलु हिंसालाई कानुनी रूपमै दण्डनीय बनाइनु पर्दछ । | हिसावले सशक्त बनाउने विविध प्रभावकारी कार्यक्रमहरू संचालन गरिनेछ । | ■ श्रमिक महिलाहरूको हितको रक्षाका लागि शिशु स्याहार केन्द्रहरू स्थापना गरिनेछ ।<br>■ महिलासँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरू, सम्मेलनद्वारा पारित घोषणाहरू र नेपाल पक्ष भएका महासन्धिहरूलाई कार्यान्वयन गरिनेछ ।<br>■ घरेलु हिंसा र महिला बेचिबखन जस्ता अपराध तथा यौन व्यवसाय, बहुपत्नी, बहुपति जस्ता सामाजिक सांस्कृतिक कुप्रचलनहरू नियन्त्रण गरिनेछ ।<br>■ एकल महिला तथा वृद्ध वृद्धाहरूलाई राज्यले विशेष संरक्षणको नीति अपनाउनेछ । |

*(क्रमशः)*

| रा.प्र.पा. | ने.म.कि.पा. | जनमोर्चा | नेकपा माले | नेकपा (एकिकृत) |
| --- | --- | --- | --- | --- |
|  |  | ■ एकल अशक्त महिलाको संरक्षणको जिम्मा राज्यले लिनुपर्छ ।<br>■ पारिवारिक अदालत गठन गरी घरेलु हिंसा र उत्पीडनबाट न्यायिक मुक्ति दिइनुपर्छ ।<br>■ महिलासम्बन्धी सबै भेदभावमूलक ऐन, कानुनहरूको अन्त हुनुपर्दछ ।<br>■ महिलाप्रतिको भेदभाव उन्मूलन गर्ने सबै घोषणा वा महासन्धिहरूलाई लागू गर्ने ।<br>■ सम्मानजनक जीवनयापन गर्न पाउने अवस्थाको सिर्जना गरिनेछ । |  | ■ बाल अधिकार र आधारभुत बाल विकासका सवालहरूलाई संवैधानिक सुनिश्चितता प्रदान गरिनेछ ।<br>■ बालबालिकामाथी भई रहेको सबै खाले शोषणा, उत्पीडन र विभदेको अन्त्य गरी राष्ट्रिय विकासको हरेक क्षेत्रमा समावेशीको सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गरिनेछ ।<br>■ बाल श्रम शोषणलाई कानुनद्वारा निषेध गरी कडा सजाँयको व्यवस्था गरिनेछ ।<br>■ घरेलु हिंसाका विरूद्ध योजनावद्ध अभियान संचालन गरिनेछ । |

